"औद्योगिक, पर्यटकीय र हरित नगर, स्वच्छ, सुरक्षित र समृद्ध नगर"

# दमक नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

दमक, झापा
कोशी प्रदेश, नेपाल

फोनः ०२३-५८००४४, ५८०१३७, ५८०५०२
www.damakmun.gov.np
info@damakmun.gov.np

प.सं. ०८०/८१
च.नं. 4566

## बिज्ञापन कर संकलनका लागि बोलपत्र आव्हानको सूचना

(प्रथम पटक प्रकाशित मिति २०८१/०१/१०)

दमक नगरपालिकाको आ.ब. २०८१/०८२ देखि ३ आर्थिक बर्षका लागि बिज्ञापन कर संकलन गर्न ठेक्का वन्दोवस्त गर्नु पर्ने भएकाले सम्वन्धित सबैको जानकारीको लागि यो ३० (तीस) दिने बोलपत्र सूचना प्रकाशित गरीएको छ। ठेक्का प्रक्रियामा भाग लिन चाहने कम्पनी/फर्महरूले सूचनाका शर्त बन्देजमा रही बिद्युतिय माध्यम (ई-बिड) वाट बोलपत्र पेश गर्नु हुन यो सूचना प्रकासित गरिएको छ।

**तपशिल**

| सि. न. | ठेक्का नं. | बोलपत्रको नाम | न्युनतम ठेक्का अंक रु. (भ्याट बाहेक) | धरौटी रकम | बोलपत्र फारम दस्तुर रु. |
|---|---|---|---|---|---|
| १ | DMO/JHAPA/ ADV /49/80-81 | बिज्ञापन कर संकलन | ६१,०५,०००/- (अक्षरेपी एकसठ्ठी लाख पाँच हजार रुपैयाँ मात्र ) | कबोल गरेको रकमको ५% | ३,०००।- |

**शर्तहरु:**

१. प्रति बोलपत्र फारम दस्तुर रकम रु. ३,०००।०० (अक्षरेपी तीन हजार रुपैंया) देहायको खातामा जम्मा गर्न सकिनेछ। जम्मा गरेको राजस्व भौचर र धरौटी वापतको रकम वा बैंक ग्यारेन्टीको Scan कपी बोलपत्र फारम साथ संलग्न राखी पेश गर्नु पर्नेछ। बोलपत्र फारम र सो सँग सम्बन्धित कागजातहरु https://bolpatra.gov.np/egp मार्फत डाउनलोड गर्न सकिने छ। बोलपत्र फारम दस्तुर बापतको राजश्व र धरौटी रकम निम्नानुसार बुझाउनु पर्नेछ।

**देहाय** (बोलपत्र फारम दस्तुर र धरौटी रकम बुझाउने सम्बन्धी विवरण)

| क्र. स. | कार्यालय / कोड नं. | बैंकको नाम | बोलपत्र फारम दस्तुरका लागि राजस्व दाखिला गर्ने खाता नं. र शिर्षक नं. | धरौटी खाता नं. |
|---|---|---|---|---|
| क | दमक नगरपालिका | राष्ट्रिय वाणिज्य बैंक लिमिटेड | खाता नं. २१४०१००३०१०१०००२ **शिर्षक नं. १४२२९** | २१४०१००३०३००००००२ |

नोट : कबोल अंकको ५ प्रतिशत धरौटी दमक नगरपालिकाको क्र.स. (क) मा तोकिएको धरौटी खाता वा दमक नगरपालिकाको नाममा जारी गरिएको बैंक ग्यारेन्टी पेश गर्नुपर्नेछ।

२. बोलपत्र फारम यो सूचना प्रकाशित भएको मितिले ३१औँ दिन, दिनको १२:०० बजेसम्ममा अनिवार्य Online प्रणालीमा पेश गरी सक्नु पर्नेछ ।

३. बोलपत्र दर्ता भएको दिन, दिनको १:०० बजे कार्यालयका प्रतिनिधिहरु र बोलत्रदाताहरुको प्रतिनिधिको रोहवरमा बोलपत्रहरु खोलिनेछ । बोलपत्र खोल्ने समयमा प्रतिनिधिहरु उपस्थित नभए पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

४. पहिलो बोलपत्रदाताको ठेक्का स्वीकृत भई नियम अनुसारको प्रकृया पूरा गरि ठेक्का सम्झौता नगरे सम्म दोश्रो र तेश्रो बोलपत्रदाताको धरौटी रकम फिर्ता गरिने छैन र पहिलो बोलपत्रदाताको ठेक्का अंकमा अन्य ठेकेदारको धरौटीबाट हिसाव मिलान गर्न पाइने छैन ।

५. बोलपत्रदाताले आफूले कबोल गरेको कबोल रकमको ५ प्रतिशतले हुने रकम शर्तको बुँदा नं. १ (क) धरौटी खाता नं. मा जम्मा गरेको भौचर वा "क" बर्गको बैंकबाट बोलपत्र नं. उल्लेख गरी यस कार्यालयको नाममा जारी गरेको कम्तिमा १२० दिन सम्म म्याद भएको रितपूर्बकको बोलपत्र जमानत पत्र (बिड बण्ड) साथै बोलपत्रदाताले बोलपत्र फारम खरिद गरेको बैंक भौचर, फर्म वा कम्पनी दर्ता प्रमाणपत्र, नवीकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०७९/०८० सम्मको कर चुक्ता प्रमाण र स्वःघोषणा पत्र साथै अन्य आवश्यक सम्पुर्ण कागजात Scan Copy अपलोड गर्नुपर्नेछ ।

६. बोलपत्र स्वीकृत पश्चात स्वीकृत बोलपत्रदाताले पत्र बुझेको वा सूचना प्रकाशन भएको वा कार्यालयको आधिकारीक ईमेल मार्फत पत्र पठाईएको १५ (पन्ध्र) दिन भित्र कवुलियत गरी पट्टापूर्जी लिन नआएमा बोलपत्र जमानत बापतको सम्पूर्ण धरौटी रकम जफत गरी बोलपत्र स्वीकृत भएको बोलपत्रदातालाई कालोसूचीमा राखिनेछ।

७. बोलपत्रदाताले कबोल गरेको ठेक्का अंकको सम्पूर्ण रकम (३ आ.व.को) एकमुष्ट बुझाउन चाहेमा कबोल रकमको १० प्रतिशत सम्म छुट दिन सकिनेछ ।१३% प्रतिशत मु.अ.कर र १.५% प्रतिशत अग्रिम आयकरमा कुनै पनि छुट उपलब्ध गराईने छैन । उक्त रकम आर्थिक प्रशासन शाखामा यकिन गरी/गराई दमक नगरपालिकाको **बिभाज्य कोष खाता नं. २१४०१००३०६०१०००२** मा दाखिला गर्नुपर्नेछ ।

८. किस्तामा बुझाउन चाहने बोलपत्रदाताहरुको हकमा एक आर्थिक बर्षको हुने रकम तीन किस्तामा सम्पूर्ण रकम बुझाउनु पर्नेछ । प्रथम किस्ता, सम्झौता पूर्व कबोल रकमको ५० प्रतिशत (मु.अ.कर सहित), दोस्रो किस्ता २०८१ कार्तिक मसान्त भित्र ३० प्रतिशत (मु.अ.कर सहित) र तेस्रो किस्ता २०८१ फागुन मसान्त भित्र २० प्रतिशत (मु.अ.कर सहित) रकम बुझाई सक्नु पर्नेछ । साथै एक आ.व. को हुने कवोल अंक बमोजिम हुने रकमको १.५% (प्रतिशत) अग्रिम आय कर सम्झौता पूर्व यस कार्यालयको धरौटी खातामा दाखिला गर्नुपर्नेछ । बोलपत्रदाताले ठेक्का सम्झौता पश्चात बुझाउन बाँकी ठेक्काको रकम त्यस आ.व.को ५० प्रतिशत र बाँकी २ आर्थिक बर्षको प्रति बर्ष १०% ले बृद्धि भई हुने बाँकी रकमको हकमा "क" बर्गको बैंकबाट २०८४ असार मसान्त सम्म म्याद भएको बैक ग्यारेन्टी पेश गर्नुपर्नेछ । कवोलकर्ताले यस शर्त बमोजिम तोकिएको अबधि भित्र दोश्रो किस्ता बापतको रकम जम्मा नगरेमा, तेश्रो किस्ता समेतको रकम २०८१ चैत्र महिनाको पहिलो हप्ता भित्र जुनसुकै दिन निज कबोलकर्ताले पेश गरेको बैक ग्यारेन्टीबाट जफत गरी असुल उपर गरिनेछ ।

९. ठेक्काको अबधि २०८१ श्रावण १ गतेदेखि २०८४ असार मसान्त सम्मको रहनेछ । ठेक्का संचालनका लागि आवश्यक कर्मचारी, प्रयोग हुने रसिद आदि लगायतको व्यवस्थापकीय कार्य ठेकेदार आफैले व्यवस्था गर्नु पर्नेछ ।

१०. ठेक्का सम्झौता भइसकेपछि प्राकृतिक वा मानव निर्मित कुनै कारणले बन्द, हडताल वा यस्तै प्रकारको अन्य अवस्था सृजना भएमा ठेक्का रकममा कुनै प्रकारको छुट वा मिनाहा माफि दिइने छैन ।

"औद्योगिक, पर्यटकीय र हरित नगर, स्वच्छ, सुरक्षित र समृद्ध नगर"

# दमक नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

दमक, झापा
कोशी प्रदेश, नेपाल

फोनः ०२३-५८००४४, ५८०१३७, ५८०५०२
www.damakmun.gov.np
info@damakmun.gov.np

११. कर संकलन गर्दा दमक नगरपालिकाको सालवसाली रुपमा स्वीकृत आर्थिक ऐनले तोकेको दर बमोजिम संकलन गर्नुपर्नेछ । ठेक्का संचालन गर्दा नगरपालिकालाई कुनै हानी नोक्सानी पुर्याएमा सो को हर्जना असुल गरी कम्पनी/फर्मलाई कारवाही गरिनेछ ।

१२. यस कार्यालयले निर्धारण गरेको दर भन्दा बढी असुल गरेमा नियम अनुसार कारबाही गरी ठेक्का रद्द समेत हुन सक्नेछ ।

१३. बोलपत्रदाताले ठेक्का संचालन गर्दा यस कार्यालयको निर्देशन र सम्झौतामा उल्लेखित शर्त बमोजिम गर्नु गराउनु पर्नेछ ।

१४. नगरपालिकाले स्वीकृत गरी अपलोड गरेको Bid Document नै यस प्रयोजनका लागि Standard Bid Document का रुपमा मानिनेछ ।

१५. बोलपत्रदाताले नगरपालिकाबाट स्वीकृत गरी अपलोड गरेको ठेक्का सम्वन्धीको BoQ अंक र अंक र अक्षेरमा भरी सहिछाप गरी पेश गर्नुपर्नेछ तर बोलपत्रदाताले अपलोड गरेको / भरेको कुनै कागजातमा आफ्नो कबोल अंक उल्लेख भएमा/गरेमा त्यस्तो बोलपत्रलाई समेत सार्वजनिक हितको सिद्धान्तका आधारमा मूल्याङ्कन प्रकृयामा लैजान बाधा पुग्ने छैन ।

१६. नगरपालिकाले यस प्रकृयामा भाग लिएका बोलपत्रदाताहरुको तोकिए बमोजिम मूल्याङ्कन गरी सारभूत रुपमा प्रभावग्राही ठहरिएको अधिकतम कबोल गर्ने बोलपत्रदातालाई सम्झौताका लागि आव्हान गर्नेछ । तोकिएको समय भित्र उल्लेखित बोलपत्रदाता सम्झौता गर्न नआएमा क्रमसः दोस्रो र तेस्रो लगायतका बोलपत्रदातालाई सम्झौताका लागि पत्रचार गरिनेछ । अधिकतम कबोल गर्ने बोलपत्रदाता सम्झौता गर्न नआएमा निजको सम्पूर्ण धरौटी बापतको रकम जफत गरी कालो सूचिमा राख्न सम्बन्धित निकायलाई सिफारिस गर्नुका साथै लगत्तै पछिल्लो बोलपत्रदाता र अधिकतम कबोल गर्ने बोलपत्रदाताको बिचको फरक रकम समेत अधिकतम रकम कबोल गरी सम्झौता गर्न नआउनेबोलपत्रदाताबाट सरकारी बाँकी रकम सरह असुल उपर गरिनेछ । यो प्रकृयाको क्रमस दोस्रो, तेस्रो वा अन्यलाई समेत समान ढंगले लागू हुनेछ ।

१७. कर संकलन कार्यको नियमन गर्दा प्रचलित कानून उलंघन गरेको पाईएमा प्रचलित कानून बमोजिम जरिवाना लगाइने र असुल गरिनेछ ।

१८. बोलपत्र कागजातमा वा बोलपत्र सूचनामा कुनै फरक पर्न गएमा सच्याउने अधिकार यस कार्यालयमा निहित हुनेछ ।

१९. एक फर्म वा संस्थाको नाममा खरीद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाको नाममा दाखिला गर्न पाइने छैन ।

२०. बोलपत्रदाता तथा नगरपालिका बीच कुनै किसिमको मत भिन्नता भएमा नगरपालिकाको निर्णयलाई अन्तिम निर्णय मानिनेछ ।

२१. यस प्रकृयामा सहभागीहुने बोलपत्रदाताले सूचनामा उल्लिखित सम्पूर्ण शर्तहरू र Standard Bid Document लाई स्वीकार गरी समावेस गरिएको मानिनेछ ।

२२. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस नगरपालिकामा निहित रहनेछ ।

२३. माथी उल्लेखित बिषयहरुको थप व्यवस्था सार्वजनिक हितको सिद्धान्तका आधारमा नगरपालिकाकव कार्यालयले गर्नेछ साथै माथि उल्लेख नभएका बिषयहरुका सम्बन्धमा प्रचलित कानुन बमोजीम हुनेछ ।

गणेशराज कार्की
प्रमुख प्रशासकीय अधिकृत